# निर्णय नं. २ - जबरदस्ती घटीबढी करणी

भाग: **१** साल: **२०१५** महिना: **फागुन** अंक: **१**
फैसला मिति :२०१२/१०/२९ ४०९५

निर्णय नं. २ ने.का.प. २०१५ अङ्क १

**सिङ्गल बेञ्च**

**प्रधान न्यायाधीश श्री हरिप्रसाद प्रधान**

**सा.नं. २३**

**उजुरवाला : नेपे दमाई**

**बिरुद्ध**

विपक्षी : कृष्णबहादुर खड्का क्षेत्री

मुद्दा : जबरदस्ती घटीबढी करणी

**(१) पोल्नु पर्ने रीस इवी नदेखिएमा आफ्नो बिरुद्ध भएको फैसला ऊपर अपील नगरी बसेमा अपराध गरेकै ठहरिने ।**

**आमा छोरा मिली प्र.कृष्णबहादुरलाई पोल्नु पर्ने रीस इबी केही नदेखिएकोले निज कृष्णबहादुरले काली दमिनीलाई करणी गरी गर्भ समेत रहेको ठहर्छ । शुरु देखिनै प्रतिवादी कृष्णबहादुरले अपील गर्न नसकेकोले समेत इन्साफ सदर ।**

(प्रकरण नं.४ र ६)

**(२) पानी नचल्ने जातको १४ नं. – करणी छोए छिटो हाल्नु पर्ने पानी नचल्ने जातमा भएमा स्वास्नीकै जातमा मिलाई दिने ।**

**कृष्णबहादुरले काली दमिनीलाई करणी गरी गर्भ समेत रहेको ठहर्छ । जनई झिकी अभक्ष्य खुवाई द.भन्ने खोपी दमाई जातमा मिली बसूँला भन्ने कागज गराई साधक सदर नभए सम्म थुनी राख्ने भनी अमीनी गोश्वाराले ठहराई जाहेर गरेको मुनासिब छ ।**

(प्रकरण नं.४ र ६)

**(३) ०१०।२।२५ को फूल कोर्ट निर्णय – जात पतित गर्नु पर्ने अभियोगमा इन्कारी भएमा ।**

**निज प्र.कृष्णबहादुरलाई जात पतित गर्ने हक्मा ०१०।२।२५ का फूल वेञ्चका निर्णय बमोजिम गर्नु ।**

(प्रकरण नं.६)

फैसला

१. यसमा चन्द्रपुर बजार बस्ने नाउँ नजानेकी गुरुंगसेनीका घर पिंडिमा डेरा गरी बसेका ८।१०।२६ गतेका राती अन्यायको कृष्णबहादुरले मेरी आमालाई करणी गर्न लागेको भेट्टाई पक्री ल्याएको छु । ऐन सवाल बमोजिम होस भन्ने समेत व्यहोराको नेपे दमाईको दर्खास्त बयान।

२. डेरा गरी बसेको घर पछाडि गई राती पीसाब गर्न लाग्दा जवरदस्तीसंग समाई करणी गरेको हुन भन्ने समेत काली दमिनीको बयान ।

३. वादीलाई गञ्जी सिउन दिएको लिन गएकोमा सिइ सकेको छैन भनेको र सो रक्सी खाएकाले मद लागि निज वादी बसेको घरको आँगनमा बसेको निदाएँछु । राती यो वादीको आमा म सुतेको ठाउंमा आई ५ महीनाको गर्भ छ । सो गिराउने औषधी खोजी ल्याई देउ भनी रहेका थिई । त्यसै बखत वादीले देखि पक्राउ गरेको हो । मैले काली दमिनीलाई करणी गरेको होइन भन्ने समेत व्यहोराको कृष्णबहादुरको बयान ।

४. आमा छोरा मिली प्र.कृष्णबहादुरलाई पोल्नु पर्ने रीस इबी केही नदेखिएको । निज कृष्णबहादुरले काली दमिनीलाई करणी गरी गर्भ समेत रहेको ठहर्छ । जनै झिकी अभक्ष्य खुवाई द.भनी खोपी दमाई जातमा मिली बसुँला भन्ने कागज गराई साधक सदर नभए सम्म थुनीराख्ने ठहराई विराटनगर अमीनीबाट ०१०।३।३२ गते गरेको जाहेरी फैसला ।

५. शुरुको इन्साफ सदर छ भन्ने विराटनगर अपीलको ०१२।२।४।४ को जाहेरी फैसला र अपीलको इन्साफ सदर छ भन्ने सदर अमीनी गोश्वाराको ०१२।३।१५।४ को जाहेरी फैसला ।

६. यसमा साधकद्वारा पेश हुन आएको बुझ्दा शुरु देखि नै प्रतिवादी कृष्णबहादुरले अपील गर्न नसकेकोले समेत इन्साफ सदर । अमीनी गोश्वाराले ठहऱ्याई जाहेर गरेको मुनासिव छ । निज प्र.कृष्णबहादुरलाई जात पतित गर्ने हकमा ०१०।२।२५ का फूलबेञ्चका निर्णय बमोजिम गर्नु भनी शुरु अमीनीमा पठाउनु । फैसला सहितको मिसिल सदर अमीनी गोश्वारामा बुझाई दिनु ।

इतिसम्वत् २०१२ साल माघ २९ गते रोज ५ शुभम् ।

**०१२।२।२५ को फूलबेञ्चको निर्णय**

यसमा प्रचलित ऐनले जाहेर गर्नु नपर्ने आफैले फैसला गर्न पाउने गरी अपील वा अदालतले पाएको अधिकारलाई प्रधान न्यायालयको ऐनले कुनै बाधा नदिएकोले त्यस तर्फ अपीलबाटै फैसला गर्न केही बाधा नदेखिएको । इन्कार रहनेको हकमा लालमोहर र साबित हुनेलाई अ.बं.का २३२ नं.ले तोक फैसला बमोजिम मुड्नु खोप्नु जातबाट पतित गर्नु वा जनइ झिकी छाडनु पर्ने ठहरेकालाई पछि लाल मोहर फैसला बमोजिम गर्दा जुन किसिमबाट बस्नु पर्ने हो निकासा र निर्णय नभए सम्म सोही बमोजिमको बन्देजमा बस्ने ऐन बमोजिमको कबुलियत गराई आजसम्म थुनामा रहेकालाई र आइन्दा त्यस्तो गर्नु पर्ने ठहरेकालाई समेत उसलाई भएको दन्ड कैद भुक्तान भएपछि हाजिर जमानी लिई तारिखमा छाडि यस संबन्धमा सरकारबाट ऐन नियम बनी आए पछि सो बमोजिम गर्ने आदेश सबै अदालतमा दिन अपीलहरूलाई लेखि पठाउने । यस सम्बन्धका ऐन यथाशीघ्र जारी गरियोस् भन्ने ताकिता साथमा नक्कल समेत सचिवालयमा पठाई दिने ।

– जाहेरवाला सु.हेरम्व अ.ते. २०१०।२।२५ को फूलबेञ्च ।


# भर्खरै प्रकाशित नजिरहरू

- **१०७३९ - ज्यान मार्ने उद्योग (https://nkp.gov.np/full_detail/9790)**

  **फैसला मिति : २०७८/०३/२९ | मुद्दा नं : ०७४-CR-०५०३**
- **१०७३० - उत्प्रेषण / परमादेश (https://nkp.gov.np/full_detail/9789)**

  **फैसला मिति : २०७७/०९/१२ | मुद्दा नं : ०६९-WO-११५८**
- **१०७२९ - उत्प्रेषण / परमादेश (https://nkp.gov.np/full_detail/9788)**

  **फैसला मिति : २०७६/१०/०१ | मुद्दा नं : ०७२-WO-०३९०**
- **१०७२८ - कर्तव्य ज्यान (https://nkp.gov.np/full_detail/9787)**

  **फैसला मिति : २०७७/१२/३१ | मुद्दा नं : ०७४-CR-०९७१**
- **१०७२७ - उत्प्रेषण (https://nkp.gov.np/full_detail/9786)**

फैसला मिति : २०७६/०६/०१ | मुद्दा नं : ०७०-WO-०७१८

# धेरै हेरिएका नजिरहरु

- निर्णय नं: # ९३४६ - मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी (https://nkp.gov.np/full_detail/8389)

  फैसला मिति : २०७१/१०/१९ | मुद्दा नं : ०६७-CR-१२८८
- निर्णय नं: # ९३१७ - हालैदेखिको बकसपत्र लिखत बदर (https://nkp.gov.np/full_detail/8316)

  फैसला मिति : २०७१/०७/१९ | मुद्दा नं : ०६७-CI-०९०३
- निर्णय नं: # ९२७४ - लागु औषध (नरफिन) (https://nkp.gov.np/full_detail/8080)

  फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : २०६७-CR-०९९२
- निर्णय नं: # ९२७३ - मानाचामल (https://nkp.gov.np/full_detail/8079)

  फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : ०६८-CI-०२१६
- निर्णय नं: # ९३१९ - उत्प्रेषण (https://nkp.gov.np/full_detail/8363)

  फैसला मिति : 2070/10/20 | मुद्दा नं : ०६९–WS–००३५